# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ७) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल असार ८ गते २०८१ (संख्या ३**


## भाग २

## शिक्षक दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

**(गाउँ कार्यपालिकाबाट पारित)**

**(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।२९)**

**प्रस्तावनाः**

वैतेश्वर गाउँपालिका भित्र संचालित सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी, सञ्चालित कक्षा, कार्यरत शिक्षक र विषयका आधारमा दरबन्दी मिलान गर्न वाञ्छनीय भएकाले वैतेश्वर गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा २७(३) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**शिक्षक दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**गाउँपालिका**" भन्नाले बैतेश्वर गाउँपालिका सम्झनु पर्छ ।

वैतेश्वर राजपत्र

(ख) **"ऐन"** भन्नाले वैतेश्वर गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ लाई सम्झनु पर्छ।

(ग) **"दरबन्दी"** भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ र सो शब्दले महिला शिक्षा परियोजनाको शिक्षक दरबन्दी तथा राहत अनुदान समेतलाई जनाउँछ।

(घ) **"समिति"** भन्नाले बैतेश्वर गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको सञ्चालन र व्यवस्थापनको लागि ऐनको दफा १६ बमोजिम गठन भएको गाउँ शिक्षा समिति सम्झनु पर्छ ।

(ङ) **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले ऐनको दफा १९ बमोजिम विद्यालयको सञ्चालन रेखलेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(च) **"विद्यालय"** भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृती लिई सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(छ) **"प्रधानाध्यापक"** भन्नाले विद्यालयको दैनिक प्रशासनिक तथा शैक्षणिक कार्य गर्न जिम्मेवारी प्राप्त शिक्षकलाई सम्झनु पर्छ ।

(ज) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई बुझाउँछ।

(झ) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकबाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

## परिच्छेद - २

## शिक्षक दरबन्दी मिलान तथा सरुवा सम्बन्धि व्यवस्था

**३. शिक्षक दरबन्दी मिलानः** शिक्षक दरबन्दी मिलान शिक्षा ऐन २०२८, को दफा १६(ज) बमोजिम गरिनेछ ।

(क) बैतेश्वर गाउँपालिका भित्रका स्थायी, अस्थायी, करार र राहत शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीलाई एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दि भित्र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले सरुवा गर्न सक्नेछ ।

(ख) शिक्षकको सरुवा प्रत्येक वर्ष शैक्षिक सत्र सुरुहुनु भन्दा अगावै वा शैक्षिक सत्रको सुरुमा गरिने छ ।

(ग) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा दुई वर्ष सेवा पूरा नभई सरुवा गरिने छैन ।

(घ) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

(ङ) शिक्षकको सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गरिनेछ ।

१. एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा ।

२. दरबन्दि मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा ।

३. विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा ।

४. कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवाप्रवाह गरेको अवस्थामा निजको सहमतिमा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा ।

५. शिक्षकको सरुवा गर्दा ५ वर्ष एउटै विद्यालयमा बसेकालाई पहिलो प्राथमिकता दिइने छ ।

६. स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकास हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकि रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विलालयमा सरुवा गरिने छैन ।

(च) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीलाई शिक्षा नियमावली २०५९ को अनुसूची-१३ बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा युवा तथा खेलकुद शाखालाई समेत दिनु पर्नेछ । साथै रमाना भई जाने विद्यालयले ७ दिनभित्र हाजिरीको जानकारी समेत सम्बन्धीत निकायमा उपलब्ध गराउनु पर्नेछ ।

(छ) शिक्षक सरुवा सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## शिक्षकको समायोजन तथा पदस्थापन

**४. शिक्षक व्यवस्थापनका आधारहरु:**

(क) शिक्षकहरुको व्यवस्थापन तथा पदस्थापन लागि गाउँ कार्यपालिकाको कार्यालयले सात दिनको म्याद राखी निवेदन माग गर्ने र सो निवेदन उपर गाउँ शिक्षा समितिले शिक्षकका पेशागत संघ/संगठन समेतको परामर्शमा विद्यालयको आवश्यकता तथा शिक्षकको चाहना दुवैलाई मध्यनजर गरी नयाँ सिफारिस भई आएका शिक्षकलाई विद्यालयमा पदस्थापन गरिनेछ ।

(ख) शिक्षक व्यवस्थापनका अन्य आधारहरु शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र बैतेश्वर गाउँपालिकाको शिक्षा ऐन २०७५ बमोजिम हुनेछ ।

**५. उजुरी:** यस कार्यविधि बमोजिम भएका कामकारबाही सम्बन्धमा चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्तिले कार्यपालिका समक्ष उजुरी गर्न सक्नेछ ।

**<u>६. बाधा अड्काउ फुकुवा हुनेः</u>** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सोको फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

**<u>७. कार्यविधि संशोधनः</u>** यस कार्यविधिमा थपघट वा संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

आज्ञाले
ऋषिराम ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

वैतेश्वर राजपत्र